# जातीय समानताको प्रवर्द्धनमा
# विद्यमान र योजनाबद्ध उपायहरू

## कर्मचारी पुनर्प्रशिक्षण बोर्ड

सम्बन्धित सेवाहरू

- कर्मचारी पुन:प्रशिक्षण बोर्ड (ERB) ले स्थानीय श्रम शक्तिको सीप, रोजगारी र प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्न विभिन्न प्रकारका प्रशिक्षण पाठ्यक्रमहरू र सेवाहरू प्रदान गर्दछ । बेरोजगारहरूलाई रोजगारी सिर्जना गर्न र श्रम शक्तिका लागि नयाँ सीपहरू सिक्न र उनीहरूको सीपहरू निखार्न सहयोग गर्ने उद्देश्यले पूर्ण-समय प्लेसमेन्ट-टाईड कोर्सहरू, अंशकालिक सीप निखार्न र सामान्य सीप सम्बन्धी पाठ्यक्रमहरू प्रदान गरिन्छन् ।

विद्यमान उपायहरू

<u>विभिन्न जातीका मानिसहरूका लागि उचित पाठ्यक्रमहरू उपलब्ध गराउने</u>

- विभिन्न जातिका मानिसहरूको प्रशिक्षण आवश्यकता पूरा गर्न, केही पाठ्यक्रमहरू अंग्रेजीमा प्रदान गरिन्छन् । कक्षा सुरुवात गर्दा बढी लचकता प्रदान गर्न, कक्षाहरू सामान्यतया सानो समूहमा प्रदान गरिन्छन् ।

- भाषाका कोर्सहरूको व्यवहारिक प्रयोग मार्फत फरक जातीयता भएका मानिसहरूमा सञ्चार अवरोधहरू हटाउन र उनीहरूको रोजगार क्षमता वृद्धि गर्न एवं उनीहरूको प्रगतीको मार्ग निर्माण गर्न सहयोग गर्ने विचारका साथ ERB ले यसको भाषा प्रशिक्षण कोर्सलाई विस्तृत रुपमा जाँच गर्न "भाषा कोर्ष पुनरावलोकनको लागि कार्यदल" स्थापना गर्यो। ERB फरक जातीयता भएका मानिसहरूमा चीनियाँ भाषा प्रशिक्षणमा सहयोग गर्न र उनीहरूलाई सामाजिक एकता र रोजगारी प्रयोजनमा चीनियाँ भाषा दक्षता सुधार गर्ने सङ्गठित चीनियाँ भाषा प्रशिक्षण योजना काम गर्न जारी राख्रेछ।

- ERB ले युवा तालिम कार्यक्रम अन्तर्गत 15 र 29 उमेरबीचका अल्पसङ्ख्यक जातिहरूको गैर-संलग्न युवालाई लक्षित गरी समर्पित तालिम पाठ्यक्रमहरूको प्रस्ताव राख्छ ।

- ERB ले विभिन्न जातिका मानिसहरूको प्रशिक्षण र रोजगारसम्बन्धी आवश्यकताहरू पहिचान गर्न र विभिन्न जातिका मानिसहरूलाई ERB पाठ्यक्रम र सेवाहरू प्रवर्द्धन गर्नको लागि रणनीतिहरू बारे सुझाव दिन एउटा "अल्पसङ्ख्यक जातिहरूको प्रशिक्षण आवश्यकताहरूमा फोकस समुह" बनाएको छ। फोकस समूहले अल्पसङ्ख्यक जातीय समूहहरू, सामाजिक सेवा संगठनहरू, तालिम संस्थाहरू (TBs) र सम्बद्ध सरकारी संस्थाहरूलाई सम्मिलित गर्दछ । ERB ले फोकस समूहको सुझावको सन्दर्भको साथमा विभिन्न जातिका मानिसहरूको लागि नयाँ पाठ्यक्रमहरू निरन्तर विकास गर्नेछ ।

<u>विशेष उपाय तथा सहायता सेवाहरू</u>

- ERB ले तालिम निकायहरू (TBs) लाई विभिन्न जातिका मानिसहरूलाई सेवा प्रदान गर्न अंग्रेजी बोल्ने कर्मचारीहरूको व्यवस्था गर्न अनुरोध र ERB सेवाहरू प्रदान गर्दा गैर-सरकारी संस्थाहरूद्वारा प्रदान अनुवाद र दोभाषे सेवाहरू प्रयोग गर्न तालिम निकायहरू(TB)हरूलाई प्रोत्साहन गर्दछ । आवश्यकता अनुसार अंग्रेजी र अल्पसंख्यक जातीय दुवै भाषा बोल्न सक्ने शिक्षण सहायकहरूद्वारा कक्षामा दोभाषे सेवाहरूको व्यवस्था गरिएको छ ।

- अल्पसंख्यक जातीहरूका लागि समर्पित प्लेसमेन्टका पाठ्यक्रमहरू पूरा गरेका प्रशिक्षार्थीहरूलाई छ महिनाको प्लेसमेन्ट फलो-अप सेवा प्रदान गरिन्छ।

- ERB ले अंग्रेजी र विभिन्न जातिहरूको भाषाहरूमा प्रशिक्षण पाठ्यक्रमहरूको प्रचारात्मक पर्चाहरू साथै विभिन्न माध्यमहरू (गृह मामिला विभाग (HAD) को "एम्बेसडर योजना" अन्तर्गतको सामाजिक सेवा संस्था सहित) मार्फत विभिन्न जातिय समूहहरूलाई वितरणको लागि समर्पित प्रचारात्मक पर्चा अंग्रेजीमा प्रकाशित गर्दछ । यस बाहेक, कोर्स पुस्तिका अंग्रेजीमा छापिएको छ, र अंग्रेजीमा विज्ञापनहरू अखबार, सामाजिक सञ्जाल, वेबसाइट, अनलाइन प्रकाशन उर्दू, आदिमा राखिएको

छ ।

- यसका प्रवर्द्धनात्मक प्रयासहरूलाई अझै सुधार गर्न, ERB गैर-सरकारी संस्थाहरूद्वारा सञ्चालित एवं विभिन्न जातिका मानिसहरूलाई ERB को सेवा जानकारीको प्रसारमा HAD द्वारा आर्थिक सहयोग प्राप्त अल्पसंख्यक जातीहरूको सहायता सेवा केन्द्रहरूसँग नजिकको सम्पर्कमा रहेको छ । ERB ले अल्पसंख्यक जातीहरूका लागि HAD द्वारा प्रकाशित "Hong Kong मा सेवाहरूका लागि तपाईंको मार्गनिर्देशन" मा चित्रित ERB पाठ्यक्रमहरू र सेवाहरू सम्बन्धी जानकारी नियमित रूपमा अद्यावधिक गर्दछ।

- ERB सेवा केन्द्र Tin Shui Wai, मा फरक जातीयता भएका मानिसहरूलाई लक्षित सहायता सेवाहरू प्रदान गरिन्छन् जसमा
  जागिर खोजी गर्ने सीप, अन्तर्वार्ता सीप, व्यावसायिक अङ्ग्रेजी एवं क्यान्टोनिज आदि सम्बन्धित समर्पित कार्यशाला एवं सामूहिक क्रियाकलापहरू पर्दछन्। विभिन्न जिल्लाहरूमा ERB कोर्सहरूको लागि सोधपूछ एवं भर्ना सेवा प्रदान गर्नको लागि समाज कल्याण संघसंस्थाहरूको सहकार्यमा ERB ले “ERB सेवा स्थलहरू” स्थापना गर्दछ, औद्योगिक सेमिनार एवं टेस्टर कोर्सको आयोजना गर्दछ र फरक जातियता भएका मानिसहरू लगायतका सर्वसाधारणहरूको लागि प्रशिक्षण परामर्श सेवामा दर्ता गर्न सहयोग गर्दछ ।

- विभिन्न जातिका मानिसहरूलाई प्रत्यक्ष रुपमा अन्तर्वार्ता वा भिडियो कन्फरेन्सिङ मार्फत उनीहरूको तालिम आवश्यकता र जागिर आकांक्षाहरूको मूल्याङ्कन गरेर उपयुक्त तालिम र ERB पाठ्यक्रमहरूमा भर्ना हुन सहयोगको लागि सिफारिसहरू प्रदान गर्न ERB को तालिम परामर्श सेवा उपलब्ध छ । तालिम परामर्शदाताहरूले ERB का पाठ्यक्रमहरू र सेवाहरूलाई प्रवर्द्धन गर्न जिल्ला संघहरू, धार्मिक भेला स्थलहरू, विद्यालयहरू र विभिन्न जातिका मानिसहरूका सामाजिक सेवा संस्थाहरूसँग सेमिनार र कार्यशालाहरू सञ्चालन गरी सक्रिय

रूपमा सम्पर्क गर्दछन् ।

- ERB ले तालिम निकायहरू(TB)लाई विभिन्न जातिहरूका मानिसहरूको तालिम आवश्यकताहरू पूरा गर्ने समर्पित गतिविधिहरू सहित ERB पाठ्यक्रमहरू र विभिन्न उद्योगहरूको विकास अवसरहरूलाई प्रवर्द्धन गर्न जिल्ला-आधारित प्रवर्द्धनात्मक गतिविधिहरूको विविध दायरा आयोजना गर्न कोष प्रदान गर्दछ । यसका साथै, "प्रशिक्षण सहयोग सेवा अनुदान" ले तालिम निकायहरू(TB)लाई पूरक प्रशिक्षण सामग्रीहरू विकास गर्न र विभिन्न जातिका मानिसहरूलाई सिकाइ सहयोग सेवाहरू प्रदान गर्न प्रोत्साहित गर्दछ ।

- विभिन्न जातिका मानिसहरूलाई आजीवन सिकाइमा संलग्न गर्न र स्थानान्तर गर्न योग्य कार्य सीपहरूमा वृद्धि गर्न विद्यालयमा उपस्थित नहुने विभिन्न जातिका मानिसहरूले विशिष्ट ERB भाषाका पाठ्यक्रमहरू अध्ययन गर्न HAD बाट अनुदान प्राप्त गर्न सक्छन् ।

- ERB ले " ERB ट्रेनिङ नेट" कोर्स सर्च टर्मिनलहरू, ERB सेवा केन्द्र, ERB सेवा स्थलहरू, ERB सिउ साई वान मुख्यालय, श्रम विभाग रोजगार केन्द्रहरू आदि सहित जिल्ला स्तरमा स्थापना गर्दछ । विभिन्न जातिका मानिसहरूले टर्मिनलहरू मार्फत ERB पाठ्यक्रमहरू, प्रशिक्षण केन्द्रहरू, सेवाहरू र गतिविधिहरूको बारेमा जानकारी प्राप्त गर्न सक्छन् र प्रशिक्षण परामर्श सेवाको लागि दर्ता गर्न सक्छन् ।

- उनीहरूको भावी अध्ययन र करियर योजनालाई सहज बनाउन, ERB ले विभिन्न जातिका उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूका लागि "स्कूलका लागि करियर वार्ता", "टेस्टर कार्यशालाहरू" र "कम्पनी भ्रमणहरू", आदि जस्ता गतिविधिहरू आयोजना गर्दछ । विभिन्न क्षेत्रका रोजगारदाता प्रतिनिधिहरू र ERB प्रशिक्षकहरूलाई विभिन्न जातिका विद्यार्थीहरूसँग करियरको सम्भावना, काम गर्ने वातावरण, आवश्यक सीप र प्रवेश आवश्यकताहरू आदि साझा गर्न आमन्त्रित गर्दछ । ERB प्रतिनिधिहरूले विभिन्न जातिका विद्यार्थीहरूको लागि उपयुक्त हुने ERB पाठ्यक्रमहरू र सेवाहरू पनि प्रस्तुत गर्छन् ।

<u>कर्मचारी प्रशिक्षण</u>

- विभिन्न जातिका मानिसहरूको संस्कृतिको बुझाइ अभिवृद्धि गर्न र उनीहरूलाई सेवाहरू प्रदान गर्न कर्मचारीहरूको संवेदनशीलता बढाउन, ERB ले ERB, रोजगारदाता र प्रशिक्षण निकायहरूका कर्मचारीहरूको लागि विभिन्न संस्थाहरूसँगको सहकार्यमा "समान अवसर आयोग" जस्ता कर्मचारीहरूको लागि सांस्कृतिक विविधतामा कार्यशालाहरू आयोजना गर्दछ।

भावी कार्यको मूल्याङ्कन

- ERB ले समय-समयमा विभिन्न जातिका मानिसहरूका लागि प्रशिक्षण पाठ्यक्रम र सेवाहरूको समीक्षा गर्छ, र उनीहरूको प्रशिक्षण आवश्यकताहरूलाई सम्बोधन गर्न समर्पित पाठ्यक्रम र सेवाहरू विकास गर्न प्रयासरत हुन्छ । यस प्रक्रियामा ERB ले अल्पसंख्यक जातीयहरूका लागि तालिम आवश्यकताहरूमा केन्द्रित समूह, प्रशिक्षार्थीहरू, तालिम निकायहरू र प्राविधिक सल्लाहकारहरू सहित विभिन्न सरोकारवालाहरूबाट विचारहरू संकलन गर्नेछ । भाषा सेवाहरूको आवश्यकतालाई राम्रोसँग बुझ्नको लागि विभिन्न जातिका मानिसहरूले प्रयोग गरेका अनुवाद र दोभाषे सेवाहरूको तथ्याङ्कीय संख्याहरू पनि सङ्कलन गरिन्छ ।

| | | |
|---|---|---|
| प्रयोग गरिएका / प्रयोग गरिनुपर्ने अतिरिक्त उपायहरू | • | क्यान्टोनिज बोल्न र बुझ्न सक्ने विभिन्न जातिका मानिसहरूलाई सर्वसाधारणका लागि तयार गरिएको अन्य प्रशिक्षण पाठ्यक्रमहरूमा भाग लिन सहज बनाउन, ERB ले थप चयन गरिएका पाठ्यक्रमहरूको लागि अंग्रेजी प्रशिक्षण सामग्रीहरू तयार गर्न जारी राख्नेछ । यसले विभिन्न जातिका मानिसहरूका लागि थप उद्योग-विशिष्ट प्रशिक्षण पाठ्यक्रमहरूमा पनि विकास गर्न खोजी रहेको छ । |
| सोधपूछहरू | • | सोधपूछको लागि कृपया ERB प्रशिक्षण सल्लाहकारलाई सम्पर्क गर्नुहोस् (टेलिफोन: 6760 3801 / 6760 3608, इमेल: erbhk@erb.org, फ्याक्स: 2369 8322)। |

**कर्मचारी पुनर्प्रशिक्षण बोर्ड**

**मे** 2025